# कोहलपुर नगरपालिका
## कोहलपुर, बाँके

### नगर प्रमुख श्री लूट बहादुर रावत ज्यूबाट प्रस्तुत
आ.व. २०७७/०७८ को
# नीति तथा कार्यक्रम

# कोहलपुर नगरपालिकाको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम

मिति : १० असाढ २०७७

**उपस्थित सम्पूर्ण नगर सभाका सभासदज्यूहरू,**

आज मिति २०७७ साल असाढ १० गतेका दिन यस कोहलपुर नगरपालिकाको गरिमामाय सातौं नगरसभामा उपस्थित सम्पुर्ण नगरसभाका सभासदज्युहरु लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक आभार व्यक्त गर्न चहान्छु । लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि बिभिन्न समयमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात वीर शहिदहरु तथा निरंकुशताको विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवङ्गत नेताहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तीको आन्दोलनमा त्याग र नेतृत्व प्रदान गर्नुहुने अग्रज राजनेताहरू प्रति उच्च सम्मान प्रकट गर्दछु । संघिय लोकतान्त्रिक गणतन्त्रको संस्थापक वा पहिलो निर्वाचित जनप्रतिनिधिको रुपमा कार्यभार सम्हालेकै समयमा हामीले यस नगरपालिकाका २ जना वडा अध्यक्षज्यूहरु वडा नं.०६ का स्वर्गीय रामशोहन थारु र वडा नं.१२ का स्वर्गीय कृष्ण बहादुर खडकाज्यूको असमायिक निधनको क्षति व्यवहोरी सकेका छौं । उहाहरु प्रति उच्च सम्मानका साथ यसै सभाबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन-२०७४ र विद्यमान प्रचलित कानुनले दिएको अधिकारको प्रयोग गर्दै हामीले स्थानिय सरकारको कार्यभार सम्हालेको ३ वर्षको समय व्यतित गर्दा **कोरोना भाइरस (कोभिड-१९)** बाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिति र बन्दाबन्दी बीच आज म स्थानीय सरकार प्रमुखको हैसियतमा आगामी आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गरी रहदा जनताको जीवनरक्षा तथा मुलुकको आर्थिक, सामाजिक जीवनको सुरक्षाको प्रश्नले अत्यन्त गम्भीर भएको छु । विश्वमा विभिन्न कालखण्डमा मानव जाति माथि आईपरेका हरेक प्रकारका चुनौती र संकटहरुलाई जनता र सरकार मिलेर नै पराजित गरेको गर्विलो ईतिहास हाम्रो सामु रहेको छ । **"जीवन रहे, जीवन सुर्धान र सिंगार्न सकिन्छ"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस महामारी विरुद्धको अभियानमा धैर्यतापूर्वक जुट्न सबैलाई हार्दिक अपिल गर्न चहान्छु ।

हामिलाई प्राप्त सिमित स्रोत, साधन र जनशक्तिको अधिकतम परिचालन गर्दै नगरवासीको जिवन रक्षाका लागि क्वारेन्टाईन तथा आईसोलेशन केन्द्रको व्यवस्थापन र बन्दावन्दीको कारणवाट प्रभावित विपन्न, गरिव तथा मजदुर वर्गका लागि राहत तथा उद्धारको कार्यलाई उच्च प्राथमकिताका साथ सम्पादन गरिरहेका छौं । यस कार्यमा हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने राजनितिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, सहकारीकर्मी, सामाजिक एवं राष्ट्रिय अर्न्तराष्ट्रिय संघसंस्थाहरु, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक लगायत सम्पुर्ण जनप्रतिनिधिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । कोरोना भाईरस (कोभिड-१९)रोगको रोकथाम र नियन्त्रणको लागि अपनाईएको वन्दावन्दी, सामाजिक दुरी लगायतका कार्यको कार्यान्वयनमा अनुशासित र सक्रियतापुर्वक सहयोग गर्नुहुने सम्पुर्ण आदरणिय नगरवासीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चहान्छु । अग्रमोर्चामा खटिनु हुने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुलाई उच्च सम्मान गर्दै जनप्रतिनीधि, कर्मचारी तथा व्यवस्थापनको कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चहान्छु ।

हामीले जित्नै पर्ने यो माहामारी विरुद्धको लडाईमा सबैको ऐक्यवद्धता, सहकार्य, धैर्यता र आत्मविश्वासको आवश्यकता रहेको छ । यस कार्यका लागि म सम्पूर्ण नगरवासीमा हार्दिक अपिल गर्न चहान्छु । यस महामारीको संकटलाई नियन्त्रण गर्न नगरपालिकाले स्थापना गरेको **विपद् व्यवस्थापन कोषमा** नगद तथा जिन्सी सहयोग प्रदान गर्नुहुने सम्पूर्ण दाताहरु प्रति उच्च सम्मान प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

नेपालको संविधानले व्यवस्था गरेको नीतिगत प्रवन्ध वमोजिम ऐतिहासिक प्रथम चुनाव मार्फत निर्वाचित भै जनप्रतीनिधीमुलक स्थानीय सरकारकारको ह्रैसियतले हामीले कार्यकारी, विधायकी र न्यायिक अधिकारको प्रयोग गरी कार्य संचालन गरेको तीन वर्ष व्यतित भएको छ । यि तीन वर्षको अनुभवका आधारमा हाम्रो कार्यकालको अन्तिम समिक्षा गर्नुपर्ने वेला समेत भएको छ । लामो समय सम्म केन्द्रिकृत शाशन प्रणालिवाट संचालित भएको

संस्थालाई स्थानीय सरकारको हैसियतमा रुपान्तरण गरी काम गर्ने कार्य निकै कठिन र चुनौतीपूर्ण खालको थियो नै तर पनि तीन वर्षको यस अवधिमा कोहलपुर नगरपालिकालाई संचालन गर्ने न्युनतम कानुनी दस्तावेजहरुको निर्माण गर्ने काम भएको छ । नगरपालिकामा पुर्वाधार, स्वास्थ्य, शिक्षा, वाताावरण संरक्षण तथा विपद् व्यवस्थापन, आर्थिक र सामाजिक विकासका क्षेत्रहरुमा सकरात्मक कार्यको थालनी भएको छ । नगरवासीको बढ्दो जनआकांक्षा र नगपालिकाको सिमित श्रोत साधनका वीचमा सामान्जश्यता कायम गरी दिर्घकालिन रुपमा प्रणालीवद्ध र प्रभावकारी सेवा प्रवाहको सुनिश्चिचता गर्नु पर्ने बृहत्तर जिम्मेवारी हाम्रो कांधमा रहेको छ । हामीलाई प्राप्त भएको यस ऐतिहासिक जिम्मेवारीलाई पुरा गर्न सबै खालका आग्रह र पूर्वाग्रहवाट मुक्त भै **समृद्ध नगर**र निर्माणको लागि सबैको आ-आफ्नो तहवाट सकारात्मक प्रयास नै आम नगरवासीको चाहाना हुन आएको छ ।

**सभासदज्युहरु ,**

मैले आ.व.२०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहंदा चालु आ.व. २०७६/०७७ को समान्य समिक्षा गर्न आवश्यक ठानेको छु । चालु आ.व.मा महामारीका रुपमा फैलिएको **कोरोना भाईरस (कोभिड-१९)** रोगको संक्रमण तथा नियन्त्रण गर्न नेपाल सरकारले घोषणा गरेको **वन्दावन्दी (Lockdown)** का कारणले पूँजिगत खर्चको प्रगती विगत वर्षहरुको तुलनामा सन्तोषजनक रहेको देखिदैन । चालु आ.व.मा हामीले प्रक्षेपण गरेको आन्तरिक राजश्व संकलन झण्डै पचास प्रतिशतको हाराहारीमा रहेको छ । नगरपालिकाको चालु खर्च र आन्तरिक आयको आकार बरावरीमा पुर्याउन सक्ने गरी करको क्षेत्र र दायरा फराकिलो बनाउन थप सुधारात्मक कार्य गर्नुपर्ने देखिन्छ ।  नगर तथा वडा स्तरमा भौतिक पुर्वाधार, सामाजिक, आर्थिक लगायतका क्षेत्रमा बजेट विनियोजन गर्दा दिर्घकालिन महत्व र प्रतिफल दिने योजना भन्दा स-साना प्रकृतिका कार्यक्रम र योजनाहरुमा बढि ध्यान गएको देखिन्छ । विगत वर्षहरुमा जस्तै यस वर्ष पनि हामीले संचालन गर्ने योजनाहरुको प्राविधिक लागत ईष्टिमेट तयार नहुनु, समयमा वडास्तरमा उपभोक्ता समितिको गठन हुन नसक्नु, लाभग्राहीवाट लागत सहभागिता जुटाउन कठिनाई हुनु, समयमा नै ठेक्का प्रवन्ध गर्न नसक्नु, उपभोक्ताले आफै काम नगरी अप्रत्यक्ष रुपमा अर्को पक्षलाई कामको जिम्मेवारी प्रदान गर्नु, समयमा गुणस्तरीय अनुगमन मुल्याङ्कन हुन नसक्नु, समयमा निर्माण सामग्रीको उपलब्धता हुन नसक्नु, छनौट भएका निर्माण व्यवसायीहरुको व्यवसायीक कार्य अनुभव र क्षमताको कमिका कारणले अधिकांश योजनाहरुको काम गुणस्तरीय तथा निर्धारित समयमा सम्पन्न नहुन, अन्य थुप्रै खालका नीतिगत तथा प्रशासनिक जटिलता रहनु जस्ता कमजोरी र समस्याहरु कार्य संचालनका दौरानमा हामिले भोगेका छौं । अगामी आ.व.मा हामीले चालु आ.व.मा भोगेका समस्या र भएका कमिजोरीहरुलाई न्युनिकरण गर्दै हामिले गर्ने विकास निर्माणका कामहरुलाई गुणस्तरीय, पारदर्शी र निर्धारित अवधिमा नै पुरा गर्नका लागि सवैको जिम्मेवारीपूर्ण र सकरात्मक भुमिकाको अपेक्षा राखेको छु ।

आगामी आ.व. २०७७/०७८ को लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नागरिकका मौलिक हक र दायित्व, नेपाल सरकारको पन्ध्रौ योजना र यसका प्राथमिकताहरु, प्रदेश सरकारको प्रथम आवधिक योजना र यसका प्राथमिकताहरु, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएका कामहरु, नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त भएका सबै प्रकारका नीतिगत मार्गदर्शन, दिगो विकास लक्ष्य, नेपाल सरकारले अर्न्तराष्ट्रिय स्तरमा गरेका सन्धी सम्झौताहरु, यस नगरपालिकाको प्राथमकिताका क्षेत्रहरु, आम नगरवासीका चाहाना र संभावनाहरुलाई आधारमानी तयार गरिएको छ ।

हामिलाई प्राप्त हुने राजश्व वाँडफाँड अन्तरगतको सवै जस्तो रकम चालु तथा प्रशासनीक खर्चमा विनियोजन हुने हुदा यसलाई मितव्ययी, पारदर्शी र अनावश्यक जनशक्तिहरुको क्रमशः कटौती गर्दै लैजानु पर्ने टड्कारो आवश्यकता रहेको छ । भौतिक पुर्वाधारको क्षेत्रमा अत्यधिक बजेट विनियोजन हुदा समेत वडा तथा नगरस्तरमा  दिगो र गुणस्तरीय प्रतिफल प्रदान हुन सक्ने योजनाहरु निर्माण हनु नसक्नु चुनौतिको रुपमा रहेको छ । विगत वर्षहरुमा जस्तै स-साना योजनाहरुमा रकम छर्ने परम्पराको अन्त्य गर्दै आगामी आ.व.मा सबैले अनुभूत गर्न सक्ने गरी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, संस्थागत व्यवस्थापन, वित्तीय पारदर्शिता, सुशासन, प्रणालीवद्ध सेवा प्रवाह, प्रतिफलमा आधारित अनुगमन मुल्याङ्कन, लक्षित वर्ग विकास कार्यक्रम र विषयगत शाखाबाट प्रदान हुने सेवा प्रवाहमा विशेष सुधारको जरुरी देखिन्छ ।

अव म यस नगरपालिकाले आ.व.२०७७/०७८ मा विभिन्न क्षेत्रहरुमा अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चहान्छु ।

**क) सोच " हरित संगम स्थल हाम्रो शहर, सुन्दर समृद्ध कोहलपुर नगर"**

**ख) लक्ष्यहरू :**

- १५ बर्ष भित्र यस नगरपालिकालाई अन्तर्राष्ट्रिय स्तरका पूर्वाधार सहित सुविधा सम्पन्न शहरका रूपमा विकसित गर्दै **सुखी, खुसी, सभ्य र समृद्ध** नागरिकहरूको शहर निर्माण गर्ने ।
- साक्षरता,औसत आयु, खाद्य संम्प्रभुताको अधिकार, प्रतिव्यक्ति वार्षिक आयमा वृद्धि र मातृ/शिशु/बाल मृत्युदर घटाई उत्कृष्ट मानव विकास सूचकाङ्क भएको, विभेद, जोखिम, लैंगिक हिंसामुक्त सामाजिक न्याययुक्त नेपालको नमूना नगरका रुपमा विकास गर्ने ।

## १) कोभिड-१९ रोगबाट सिर्जित संकट व्यवस्थापन सम्बन्धि नीति :

१. कोभिड-१९ को महामारीका कारण रोजगारी गुमाएर भारत लगायत तेस्रो मुलुकवाट फर्किएका नागरीक हरुका लागि **बिशेष रोजगार कार्यक्रम** संचालन गरिने छ ।

२. भारत लगायत तेस्रो मुलुकवाट फर्किएका नागरिकहरुलाई कोभिड-१९ संक्रमणको सम्भावित जोखिम न्युनिकरणका लागि स्थापना भएका क्वारेन्टाईन र आईसोलेशन केन्द्रमा विश्व स्वास्थ्य संगठनको प्रोटोकल र नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य निर्देशिका वमोजिमका पुर्वाधार निर्माण, उपचार र परिक्षणको आवश्यक प्रवन्ध गरिने छ ।

३. कोभिड-१९को नियन्त्रणका लागि अग्रभागमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री र उपकरणहरुको आपुर्ति तथा व्यवस्थापन गरिने छ । कोभिड-१९ बाट संक्रमित नागरिकहरुको उद्धार, शब व्यवस्थापन, औषधी उपचार, राहत तथा पुर्नस्थापना र संचेतनामूलक कार्यका लागि कोभिड बिशेष कोषको स्थापना गरिने छ ।

४. आवश्यकता अनुसार छिमेकी पालिकाहरुसँगको समन्वयमा पिसिआर मेशिन खरिद गरी कोभिड-१९ परिक्षणको सेवा नगरपालिकाबाट उपलब्ध गराउन पहल गरिनेछ ।

## २. शिक्षा, युवा तथा खेलकुद नीति :

१. स्वस्थ र शिक्षित जनशक्तिको विकास नै मानव विकासको सुचक हो । नगरपालिकामा शिक्षा, स्वास्थ्य र सामाजिक विकासका क्षेत्रमा भएका उल्लेखनीय सकारात्मक कार्यहरुलाई निरन्तरता दिने नीती अवलम्बन गरिने छ ।

२. नगरपालिकालाई समग्र शैक्षिक विकासको माध्यामवाट **शैक्षिक केन्द्र (Educational Hub)** को रुपमा विकास गर्न **विस्तृत गुरुयोजना निर्माण** गरी समग्र शैक्षिक क्षेत्र सुधारको नीति लिईने छ ।

३. आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यामिक तहसम्म निःशुल्क शिक्षालाई आवश्यक अनुदान सहित प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । सबै सामुदायिक विद्यालयमा कलरकोड, ड्रेस र पाठ्यक्रममा एकरुपता कायम गर्न पहल गरिनेछ ।

४. प्रारम्भिक वालविकास केन्द्र (ECD) देखि ०३ कक्षा सम्मलाई कक्षा व्यवस्थापन, सिकाई सामग्री सहित दिवा खाजाको व्यवस्था गरिने छ । वाल विकास सहजकर्ताह?लाई मन्टेश्वरी तालिम प्रदान गरी प्रतिस्पर्धी र क्षमतावान बनाईने नीति अवलम्बन गरिने छ ।

५. सबै सामुदायिक विद्यालयहरुमा **"स्वच्छ पिउने पानी, सफा र पहुँचयुक्त शौचालय"**को व्यवस्था गरिने छ । र सबै माध्यामिक विद्यालयहरुमा विद्यालय नर्सिङ्ग कार्यक्रम सञ्चालन गरिनेछ ।

६. विद्यार्थी शिक्षक अनुपातका आधारमा दरवन्दी मिलान, विद्यालय मर्जिङ्ग, विद्यालय व्यवस्थापन समितिको गठन तथा नियमित अनुगमन मुल्याङ्कनको कार्यलाई थप व्यवस्थित र नतिजामुखी वनाईनेछ ।

७. गत आ.व.देखि संचालन हुदै आईरहेको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप र उपमेयर महिला क्रिकेट खेलकूद प्रतियोगितालाई थप व्यवस्थित र प्रभावकारी वनाईनेछ ।

८. शिक्षा शाखाबाट प्रस्तुत नगर शिक्षा योजना, शैक्षिक गुणस्तर सुधार कार्ययोजनालाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । विद्यालय छाडेर जाने प्रवृत्तिलाई न्युनीकरण गर्न "**विद्यालय शिक्षामा ल्याउने र टिकाउने**" कार्यक्रम सञ्चालन गरिनेछ ।

९. नगर शिक्षा नियमावलीलाई आवश्यकतानुसार परिमार्जन र संशोधन गरिनेछ । सबै शैक्षिक नीतिहरुलाई कार्यविधिबाट व्यवस्थित गरिनेछ ।

१०. साविकको स्रोत केन्द्रलाई शिक्षक सिकाइ केन्द्रका रुपमा विकास गरिने छ । पाँच वटा विद्यालयहरु छनौट गरी **"एक विद्यालय, एक विषयको सिकाइ केन्द्र"** का रुपमा स्थापित गरिनेछ ।

११. विद्यालयबाट प्राप्त वर्गीकृत तथ्याङ्कका विवरणका आधारमा सबै विद्याथीहरुमा सिकाइ सहजीकरणको पहुँच उपलब्ध गराइनेछ । टेलिभिजन, रेडियो, अनलाइन अफलाइन आदिजस्ता वैकल्पिक शिक्षा प्रणालीका विविध स्वरुपका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. सबै विद्यालयलाई सुचना प्रविधिमैत्री बनाईनेछ । **"एक शिक्षक एक ग्याजेट"** कार्यक्रम सहित विद्यालयमा कम्प्युटर र आइसिटी डिभाइसहरुको प्रयोग गरी अनलाइन अफलाइन आइसिटी भर्च्युअल सिकाइ कन्ट्रोल रुम स्थापना गरिनेछ ।

१३. युवाहरुका लागि आचरण निर्माण, क्षमता विकास तथा प्रतिभा पहिचानका कार्यक्रमहरु सञ्चालन गरिने छ । **नगरस्तरीय खेलकुद समिति** गठन गरी खेलकुद विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४. माध्यमिक तहमा अध्ययनरत विद्याथीहरुमा भविष्यमा आफूले अपनाउने पेसा आफैंले छनौट गर्न सक्ने (Goal setting) क्षमता विकास गर्न तीन वटा माध्यमिक विद्यालयहरुमा **"आफ्नो वृत्ति, आफैं पहिचान"** कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. संस्थागत विद्यालयहरुलाई अनुगमन, मुल्याङ्कन र नियमनको कार्य गरिनेछ । संस्थागत विद्यालयहरुले प्रदान गर्ने छात्रवृत्तिलाई वडातहको आवश्यकतामा आधारित बनाउन विशेष व्यवस्था गरिनेछ ।

१६. शैक्षिक विकासका लागि विज्ञान तथा प्रविधि संग्राहलय स्थापना गर्न सरकारी, निजी र गैरसरकारी निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

१७. सामावेशी शिक्षामा अपाङ्गता भएका बालबालिकाको पहुँच अभिवृद्धिका लागि अपाङ्गता लेखाजोखा केन्द्रको व्यवस्थापन र सञ्चालान गरिनेछ ।

## ३.आधारभूत स्वास्थ, खानेपानी तथा सरसफाई नीति :

१. न्युनतम सेवा मापदण्ड तया**र** गरी सबै स्वास्थ्य संस्थाहरुवाट गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह गरिनेछ । आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य क्लिनिक तथा स्वास्थ्य चौकीहरुको पहुँचयुक्ता सहितको भौतिक स्तरोन्नती, न्युनतम औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गर्दै औषधीको भण्डारण र ढुवानीलाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

२. नगरपालिकामा आवश्यक जनशक्ति “**सहित सर्पदंश उपचार र रेविज खोपको”** सेवा संचालन गर्न सरोकारवाला निकायहरुसँग आवश्यक पहल गरिनेछ । सबै स्वास्थ्य संस्थाहरुमा विधुतिय प्रतिवेदन प्रणाली लागु गरिनेछ ।

३.स्वास्थ्य सेवा गुणस्तरीय, सर्वसुलभ एवं प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ । करार सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुको सेवा सुविधामा एकरुपता कायम गर्दै समयानुकूल सुधार गरिनेछ ।

४. सामुदायिक विद्यालयमा अध्यनरत सवै छात्राहरुको लागि भेन्टिङ्ग मेसिन सहित निशुल्क सेनेटरी प्याडको ब्यवस्था गरिनेछ । प्रत्येक वर्ष आँखा, कान, जाँच गरी आवश्यक उपचार प्रदान गरिनेछ ।

५. थारु समुदायमा रहेको सिकलसेल एनिमिया रोगको पहिचान तथा उपचारमा सहजता ल्याउन **सिकलसेल एनिमिया ल्या**ब आवश्यक जनशक्ति सहित संचालन गरिनेछ । थालासेमिया रोगको उपचारका लागि समेत विषेश कार्यक्रम सञ्चान गरिनेछ ।

६. कोहलपुर स्वास्थ्य चौकीलाई २५ शैयााको नमुना सामुदायिक अस्पताल को रुपमा स्तरोन्नती गरिनेछ । बाल अस्पतालको पूर्वाधार निर्माण र सञ्चालन समयमै सम्पन्न गर्न प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

७. महिला स्वास्थ्य स्वंयसेविकालाई दिदै आएको मासिक यातायात तथा चाडपर्व खर्चलाई निरन्तरता दिईनेछ । उत्कृष्ट काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकालाई पुरुस्कृत गर्दै लगिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिबृद्धि तथा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।

८. समुदायमा पोषण शिक्षा संचेतना कार्यक्रमलाई सञ्चालन गरिनेछ । “**खाद्य सुरक्षा तथा पोषण रणनैतिक योजना”** निर्माण गरी कार्यान्वयनमा लगिने छ ।

९. स्थानिय तह, प्रदेश सरकार, नेपाल सरकार, नीजि क्षेत्र र गैरसरकारी संस्थाहरुको संयुक्त लगानीमा निर्माण भै रहेको **आधुनिक र व्यवस्थित वधशाला** निर्माण कार्यलाई निरन्तरता दिईने छ ।

१०. स्वास्थ्य कार्यक्रममा सरकारी, गैरसरकारी, सहकारी र नीजि क्षेत्रको सहकार्यलाई आकर्षित गरिनेछ । स्वास्थ्य सेवा प्रदायक निजी स्वास्थ्य संस्थालाई व्यवसायिक एवं जवाफदेहि बनाई पेशागत स्तरीयता र सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक कार्य गरिनेछ ।

११. घर तथा व्यवसायबाट उत्पादित फोहर संकलन तथा ब्यवस्थापन कार्यमा निजी क्षेत्रको साझेदारी र सहकार्यलाई व्यवस्थित गरिनेछ । स्वास्थ्यजन्य फोहोर व्यवस्थापनको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ । फोहर व्यवस्थापनामा **3R** बिधि (Reduce, Recycle & Reuse/Renoval) अवलम्वन गरिनेछ ।

१२. नगरपालिकाका सबैवडाका नागरिकहरुलाई स्वच्छ र सफा पिउने पानी उपलब्ध गराउनका लागि आवश्यक कार्य गरिनेछ । रझेना, केरावारी र भेरीराप्ती खानेपानी आयोजना निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ । विराट र शमशेरगंज खानेपानी आयोजनाबाट खानेपानी वितरणको कार्य थालनी गरिने छ । खानेपानीको दिर्घकालीन आपुर्ती गर्न बबई पन्दरौं वा डुडुवा डाईभर्सन र लिफ्टिङ्ग को बिस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण सहितको अध्ययन कार्य गरिने छ ।

१३. नगरलाई **"स्वच्छ र पुर्ण सरसफाईयुक्त"** बनाउन युवा क्लब, आमा समुह, नागरिक समाज तथा टोल विकास संस्थाहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१४. सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र खोप कार्यक्रमलाई व्यवस्थित वनाईने छ । यस कार्यलाई नतिजामुखी र प्रभावकारी बनाउन बिशेषज्ञ सहितको बर्थिङ्ग सेन्टर सहित **सुरक्षित मातृत्व कार्यक्रम** सञ्चालन गरिने छ । नयाँ जन्म हुने सवै नवजात शिशुहरुलाई **"नवजात शिशु संरक्षण कोष"** मार्फत रु.१,०००।-(एक हजार) का दरले बैंक खातामा जम्मा गर्ने नीति लिईने छ ।

१५. कोभिड-१९ लगायत महामारी रोगको संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पुर्व तयारी, उद्धार र राहतका कार्य सवै सरोकारवाला निकायहरुसँगको समन्वय तथा सहकार्यमा गरिनेछ । क्षयरोग, कुष्ठरोग, एचआईभि एड्स लगायतका राष्ट्रिय कार्यक्रम तथा अभियानलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति लिईने छ ।

१६. प्रदेश तथा नेपाल सरकारसँगको समन्वयमा खानेपानीको गुणस्तर परिक्षण, तरकारी तथा फलफूल लगायतका खाद्यपदार्थमा प्रयोग हुने विषादिको नियन्त्रण र सूर्तिजन्य पदार्थको बिक्रि वितरण कार्यलाई नियमन गरिनेछ ।

१७. आयूर्वेद तथा अन्य परාम्परागत, होमियोप्याथिक, प्राकृतिक चिकित्सा, योग लगायतका बैकल्पिक चिकित्सा पद्धतिहरुको **आधारभूत र बिशेषज्ञ** सेवा सबै वडामा उपलब्ध गराईनेछ । नसर्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनका लागि प्रवर्धनात्मक, प्रतिकात्मक, पुर्नस्थापनात्मक तथा निरोधात्मक स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

१८. विपन्न दिर्घरोगी एवं जेष्ठ नागरिक, अपाङ्ग, जनआन्दोलन र जनयुद्धका घाईतेहरुलाई स्वास्थ्य उपचारमा सहयोग गर्न आवश्यक पहल गरिनेछ । सिकलसेल, थालासेमिया र गर्भवती महिलाहरुका लागि आवश्यक पर्ने रगत चढाउदा लाग्ने शुल्क नगरपालिकाको तर्फबाट प्रदान गर्ने नीति लिईने छ ।

१९. फोहर मैला तथा दिशाजन्य लेदो पदार्थ प्रशोधन केन्द्रको निर्माण कार्य अगाडी बढाईनेछ । "**खानेपानी, स्वास्थ्य तथा सरसफाई योजना (WASH Plan)** "लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

## ४. लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्ग सम्बन्धी नीति :

१. मानवीय मूल्य र मान्यतालाई आत्मसात गर्दै मानव सभ्यता र संस्कृतिहरुको प्रवर्द्धन गरी सरल जीवन शैली पद्धतिका धरातलमा **"मानवताको शहर कोहलपुर नगर"** बनाउँन विभिन्न अभियानहरु संचालन गरिने छ ।

२. वजेटलाई लैंगिक दृष्टिवाट सम्वेदनशिल वनाउने नीति अवलम्बन गरिएको छ । नगरपालिकालाई लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री, युवा मैत्री, ज्येष्ठ नागरिक मैत्री तथा वातावरण मैत्री नगर बनाउने महत्वपूर्ण अभियानहरु सञ्चालन गरिने छ । **"ग"वर्गको** अपाङ्गता भएका व्यक्तिहरुलाई निर्वाह भत्ता उपलब्ध गराईनेछ ।

३. आदिवासी जनजाति, दलित, सिमान्तकृत तथा लोपोन्मूख समुदाय, थारु, मुस्लिम, अशक्त, अपाङ्गता तथा विपन्न समुदायलाई लक्षित गरी उनीहरुको उत्थानमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. नगरपालिकामा घोषणा भएको **"नगर साक्षरता, खुल्ला दिसामुक्त, पूर्ण खोपयुक्त, सहयोगापेक्षी सडक मानवमुक्त"** अभियानलाई शसक्त र प्रभावकारी रुपमा प्रवर्द्धन गरिनेछ । वालविवाह मुक्त, मानव वेचविखन मुक्त, लैंगिक हिंसा मुक्त नगर तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

५. नगरक्षेत्रमा सबै किसिमका सामाजिक विभेद (जातिय, लैंगिक, धार्मिक, भाषिक, साँस्कृतिक, वर्गिय जस्ता) हरुलाई निरुत्साहित गर्ने नीति लिईनेछ । सामाजिक विभेद अन्त्य गर्न अभियानात्मक कार्यक्रमहरु संचालन गर्ने नीति लिईने छ ।

६. विपन्न दलित समुदायको सशक्तिकरण र क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरुलाई विशेष प्राथमिकता साथ सञ्चालन गरिनेछ । यस समुदायहरुमाथि हुने जातिय विभेद अन्त्यका गर्न "**नगर स्तरिय निगरानी केद्र"** स्थापना गरी "**विभेद विरुद्ध, नगर सरकारको** "मान्यतालाई स्थापित गरिनेछ ।

७. गैरसरकारी संस्थाको दर्ता, नवीकरण, विघटन र खारेजी तथा नियमन कार्यलाई व्यवस्थित गरिनेछ । सहकारी, सामुदायिक वन र गैरसरकारी संघ-संस्थाहरुले प्रस्तावित बजेट तथा कार्यक्रम नगरसभामा पेश गरी अनुमोदन भएमा मात्र कार्य सञ्चालन गर्न दिने नीति लिईनेछ ।

८. अपाङ्गता भएका व्यक्तिहरुलाई विकासको मुलप्रवाहामा ल्याउँनका लागि आवश्यक कार्य गरिनेछ, अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री सहित **अपाङ्गता सूचना तथा परामर्श केन्द्र स्थापना** गरिनेछ । अपाङ्गता सामावेशी विकास अवधारणा वमोजिम सबै क्षेत्रमा अपाङ्गता सम्बन्धि विकासका आयामहरुलाई समावेश गरिनेछ ।

९. **नगर स्तरिय युवा परिषद गठन** गरी नगरका समग्र विकासमा युवा सहभागिता बढाउने नीति लिईनेछ । युवाहरुलाई स्वस्थ, अनुशासित र मर्यादित बनाउन युवा क्लब मार्फत वैचारिक कार्यक्रम, खेलकूद प्रतियोगिता, खेल सामग्रीको वितरण र लागु औषध दुर्व्यसनी रोकथामका लागि संचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

१०. **जेष्ठ नागरिकहरुका लागि एकिकृत स्वास्थ्य शिविर** कार्यक्रमलाई निरन्तरता दिईनेछ । संचालनमा रहेका जेष्ठ नागरिक दिवा केन्द्रमा मनोरञ्जनात्मक क्रियाकलाप सहित, सूचना प्रविधि र आयुर्वेदिक स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

११. नगरक्षेत्रमा रहेका मिडिया हाउसको विकास र प्रवर्द्धनका लागि **मिडिया हाउस सहयोग कोष** स्थापना गरी अनुदान दिने नीतिगत व्यवस्था गरिनेछ । **नगर स्तरिय संचारग्राम** निर्माणको कार्य थालनी गरिनेछ ।

१२. कोहलपुर नगरक्षेत्रमा कार्यरत संचारकर्मीहरुलाई आवश्यक पर्ने क्षमता विकास तालिम, विमा, लेखनबृद्धि तथा पुरुस्कार प्रदान गरिनेछ ।

१३. नगरक्षेत्रमा रहेका सबै **खरका छाना** विस्थापन गरिनेछ । यस कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय समेतको सहकार्य साझेदारीलाई आकर्षित गरिनेछ ।

१४. कोहलपुर-११ लोकनगर स्थित मुक्त कमैया वस्तीलाई "**एकिकृत नमूना वस्तीको"** रुपमा विकास गर्न **विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)** तयार गरिनेछ ।

१५. दलित र  थारु समुदायको भाषा, कला, संस्कृति र पेशामा आधारित संग्राहलयको निर्माण कार्यलाई निरन्तरता दिईनेछ । कोहलपुर क्षेत्रमा धर्म, भाषा, संस्कृति र साहित्यको विकास र प्रवर्द्धन गरिनेछ ।

१६. अपाङ्गता भएका, अनाथ, घरेलु हिंसा पिडित, बेचविखनमा परेका महिला तथा वालवालिकाहरुको पुर्नस्थापनाका लागि अन्य स्थानीयतह र प्रदेशसरकारसँगको सहकार्यमा **सुरक्षित आवास गृह** निर्माण गरी संचालन गरिनेछ ।

१७. वालवालिकाहरुको नेतृत्व विकास तथा क्षमता विकासका लागि सृजनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१८. कोभिडको कारणले असर परेका लक्षित वर्ग समुहलाई रोजगारीमा प्राथमिकता दिदै  प्रधानमन्त्री रोजगारी कार्यक्रम मार्फत विपन्न र असहाय वर्गलाई रोजगारीको अवसर प्रदान गरिनेछ ।

१९. परिवारका सदस्य सबै साक्षर भएको, विद्यालय जाने उमेरका सबै वालवालिका विद्यालय पढन पठाएको, उद्यमशिल वा रोजगारीमा लागेको, बैंक खाता भएको, घरमा करेशावारी स्थापना गरेको, नगरपालिकाको मापदण्ड अनुसार शौचालय र कम्तीमा ५ वटा विरुवा लगाई हरियाली प्रवर्दद्धनमा सहयोग गर्ने परिवारको पहिचान गरी नगरपालिकाको तर्फबाट **आर्दश परिवारको** रुपमा घोषणा गरी आर्दश परिवारको अनुभूती दिलाईने छ ।

२०. महिलाहरुलाई निजामति सेवा तथा राष्ट्र सेवामा योग्य वनाउन (नेपाल प्रहरी, लोकसेवा आयोग, सेना र सशस्त्र प्रहरी) तालिमको व्यवस्था गरिनेछ । किशोरीहरुमा हुने यौनजन्य हिंसा तथा शारिरिक रुपमा हुने दुर्व्यवहार न्युनिकरण गर्न **आत्मरक्षा** को तालिम प्रदान गरिनेछ ।

२१. विगत वर्षहरु देखि महिला स्वयं सेविकाहरुलाई प्रदान गर्दै आईरहेको प्रोत्सहान भत्ता र नगर माता तथा नगर माता घोषणा कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

## ५.कृषि, पशु तथा पंक्षी पालन नीति :

१.  अधिकांश नगरवासीहरुको जिविकोपार्जनको प्रमुख स्रोत कृषि पेशा नै रहको छ । कृषिको आधुनिकिरण, व्यवसायीकरण र बजारीकरण गर्दै नगरपालिकालाई तरकारी, खाधान्न, फलफुल, दुध र माछामा आत्मनिर्भर बनाउन क्षेत्रगत कार्यक्रम सञ्चालन गरिनेछ । नगरभरी '**एक घर, दुई फलफुलको विरुवा**' अभियान सञ्चालन गरिने छ ।

२. विदेशबाट फर्किएका व्यक्तिहरुलाई तत्काल रोजगारी प्रदान गर्न र नगरक्षेत्रमा खाद्यान्न संकट हुन नदिन **"नगर प्रमुख कृषि विशेष कार्यक्रम"** सञ्चालन गरिने छ । किसानले उत्पादन गरेको कृषि उपजको संकलन तथा बजारीकरणको लागि आवश्यक सहजीकरण गरिने छ । कृषि उपजको संकलन र बजारीकरणमा काम गर्न ईच्छुक सहकारीलाई नगरपालिकाको तर्फबाट अनुदानको व्यवस्था गरी बजारको सुनिश्चितता प्रदान गरिनेछ ।

३. नगरपालिकामा **विशेष खाधान्न वालि तथा पकेट क्षेत्रको** पहिचान गरी कम्तीमा तिनवटा खाधान्न बालिको उत्पादन र उत्पादकत्व बृद्धि गर्न प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम संचालन गरिनेछ ।

४. कृषक समुह, कृषि तथा पशुपालक सहकारीहरु, व्यवसायिक कृषि फर्म तथा व्यसायीहरु मार्फत कृषि तथा पशुपालनका कामहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ । कृषि तथा पशुपालनको तथ्याङ्क सहितको **कृषि प्रोफायल र दिर्घकालिन कृषि योजना** तयार गरिने छ ।

५. नगरक्षेत्रमा पशुपंक्षीको उपचार तथा खोप, आहारा, खोरगोठ व्यवस्थापनका कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गर्ने नीति लिईनेछ । पशुपालन तथा दुग्ध उत्पादनका लागि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ। खाली जमिन, सामुदायिक वन तथा निजी जमिनामा डाले तथा भुई घाँस खेतिको विकास गरी घाँसमा आधारित पशुपालनलाई जोड दिईनेछ ।

६. एक वडा एक उत्पादन ग्रामको निर्धारण गरी कृषिलाई बढावा दिईने छ। व्यवसायिक, सहकारी र करार खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ।

७. जैविक खेती प्रणालिमा कृषी कार्य गर्ने लाई प्रोत्साहन गरिने छ । जैविक खेति गर्ने कृषकलाई अनुदान, तालिम र प्रविधिमा सहयोग गरिनेछ।

८. गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा संचालन भएको "**साना किसान सुदृढिकरण परियोजना"** लाई निरन्तर दिदैं थप प्रभावकारी वनाईनेछ। बाख्रा श्रोत केन्द्रको स्थापना गरी बाख्राको उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ ।

९. गाई भैंसी सुत्केरी भत्ता कार्यक्रम लाई निरन्तरता प्रदान गर्दै, पशु तथा पंक्षीहरुमा लाग्ने महामारी रोग विरुद्ध निःशुल्क खोप र कृतिम गर्भाधानको कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०. कृषि तथा पशु विमामा ५० प्रतिशत अनुदान प्रदान गरी विमा कार्यक्रममा किसानहरुलाई आकर्षित गरिनेछ। दुग्ध उत्पादक किसानहरुलाई प्रतिलिटर रु.१।- का दरले उत्पादन अनुदान प्रदान गरिनेछ।

११. नगर कृषि र पशु सेवा शाखावाट बिशेषज्ञ सहितको सेवा उपलब्ध गराईनेछ । सिंचाई तथा कृषि यान्त्रिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२ .कृषिमा **"के पाईन्छ, होइन के चाहिन्छ**" भन्ने नीति अनुरुप मागमा आधारित कृषि कार्यक्रम सञ्चालन गरिनेछ**। "एक घर, एक करेसावारी"** कार्यक्रमको नीति लिईनेछ।

१३.बाँझो तथा खालि जमिनहरुको एकिकृत तथ्याङ्क संकलन गरी **भूमि बैंकको** स्थापना गरिनेछ। भूमि बैंकमा रहेको जमिनमा विपन्न वर्ग तथा युवाहरुलाई कृषि कार्यमा लाग्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
१४.कृषकलाई प्रयाप्त मल, गुणस्तरिय बिउ, किटनाशक औषधीहरु, कृषि उपजको प्रशोधन र भण्डार गर्न सहकारी तथा नीजि क्षेत्रसँग आवश्यक सहकार्यको नीति अवलम्बन गरिने छ।

१५. सहकारी, बैंक तथा वित्तिय संस्थाहरुलाई कृषि उत्पादनमा लगानी गर्न प्रोत्सहानका कार्यक्रम सञ्चालन गरिनेछ।

१६.अन्य स्थानीय तह, सहकारी क्षेत्र, निजिक्षेत्रको संयुक्त साझेदारीमा छाडा पशु चौपायाहरुको नियन्त्रण र व्यवस्थापनको कार्य गरिनेछ। कृषि बन कार्यक्रमलाई सामुदायिक वनसँगको सहकार्यमा सञ्चालन गरिनेछ।

## ६.सहकारी नीति :

१.उत्पादनमा आधारित सहकारी संस्थाहरुको प्रवर्द्धन गरिनेछ।**"एक सहकारी एक उत्पादन"** कार्यक्रम सञ्चालन गर्न प्रोत्सहान गरिनेछ । सहकारी संस्थाको पुँजी उत्पादनमूलक र रोजगारी सृजना गर्ने कार्यमा लगानी गर्न आवश्यक सहजीकरण गरिनेछ। नियमानुसार सहकारी संस्थाहरु एक आपसमा गाभिने कार्यलाई अनुदान सहित प्रोत्साहन गरिनेछ। सार्वजनिक, निजी र सहकारी साझेदारी संभावनाका क्षेत्र पहिचान गरीनेछ।

२."**एक वडा एक विषयगत सहकारी संस्था"** भन्ने कार्यक्रम सञ्चालन गरिने छ । "**नगर स्तरिय सहकारी बोर्डको"** गठन गर्न नीतिगत व्यवस्था गरिनेछ । सबै सहकारीहरुको एकिकृत तथ्याङ्क संकलन गरी अभिलेखिकरण गरिनेछ । सहकारी संस्थाहरुको अनुगमन मुल्याङ्कन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाईने छ ।

३.स्थानीय सहकारी संस्थाका पदाधिकारी, शेयर सदस्य र कर्मचारीहरुलाई लक्षित गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## ७. पर्यटन नीति :

१. नगरक्षेत्रका प्रमुख पर्यटकिय स्थललहरुमा सहज पहुँचका लागि सडक निर्माण तथा पुल निर्माणका साथै यातायातका साधनहरुको उपलब्धताका लागि नीजि क्षेत्र र पर्यटन व्यवसायीहरुसँगको साझेदारी काम गरिनेछ ।

२. नगरक्षेत्रमा रहेका ऐतिहासिक धार्मिक, सांस्कृतिक, पौराणिक एवं पुरातात्विक महत्वका क्षेत्रहरु तथा स्थलहरुको संरक्षण, सम्बर्द्धन, प्रचार प्रसार र विकासका लागि आवश्यक कार्य गरिनेछ ।

३. कोहलपुर नगरपालिकामा संचालन भएका होमस्टेहरुलाई विकास र प्रर्वद्धन गर्न आवश्यक काम गरिनेछ । बाँके राष्ट्रिय निकुञ्जमा आउने पर्यटकलाई लक्षित गर्दै ईच्छुक युवाहरुलाई **टुरिष्ट गाईडको** तालिम प्रदान गर्न प्रदेश तथा संघीय सरकारसँग पहल गरिनेछ । पर्यटन क्षेत्रको विकासमा कलम चलाउने पत्रकारहरुलाई **पर्यटन पत्रकारिता** पुरस्कारले सम्मानित गरिनेछ ।

४. नगरक्षेत्र भित्रका पर्यटन व्यवसायसँग सम्बन्धित होटेल व्यवसीहरु, ट्राभल एजेन्सी, होमस्टे संचालकहरुसँग पर्यटन ब्यवसाय प्रवर्द्धन गर्न समन्वय गरिनेछ । कोहलपुर १२ र १३ लाई लक्षित गरी विशेष पर्यटकीय विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५. नगरपालिकाकामा स्थापना भएका होमस्टेहरुको भौतिक तथा व्यवस्थापकिय क्षमता विकासका कामहरु सञ्चालन गरिनेछ । महत्वपूर्ण पर्यटकिय स्थलहरुको जानकारीमुलक पर्यटन सूचना पाटी विभिन्न स्थानमा राखिनेछ । नगरपालिकाले तयार गरेको **पर्यटन वृतचित्र (TV Ad)** विभिन्न संचार माध्यामवाट प्रचार-प्रसार गरिनेछ ।

## ८.उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण नीति :

१. नगरक्षेत्र भित्रका सम्पूर्ण उद्योग व्यवसायहरुको व्यवस्थित अभिलेख राखिनेछ । नगरक्षेत्रमा राखिने उद्योगहरुको प्रकृति निर्धारणका लागि आवश्यक संभाव्यता अध्यन गरिनेछ ।

२. कोभिड-१९ संक्रमण नियन्त्रण गर्न नेपाल सरकारले घोषणा गरेको वन्दावन्दीका कारणवाट भएको व्यापार व्यवसायको मन्दीलाई मध्यनजर गर्दै आवश्यक सहुलीयतको नीति अवलम्बन गरिनेछ । वन्दावन्दीको अवधिभरको घरभाडा मिनाह गर्न सम्बन्धित घरधनीहरुसँग आवश्यक सहजीकरणको कार्य गरिनेछ ।

३. नगरक्षेत्रमा उद्योगी व्यवसायीहरुको आवश्यक सुरक्षा प्रबन्धका लागि सबैको सहकार्यमा सिसिटिभि जडान, प्रहरी बिट स्थापना र नियमित सुरक्षा गस्ती लगायतका कार्यका लागि आवश्यक सहजिकरण गरिनेछ । उद्योगी र श्रमिकबीचको सम्बन्धलाई सुमधुर बनाई औधोगिक वातावरण कायम गर्ने नीति लिईनेछ ।

४. स्थानीय सीप, कला र कच्चा पदार्थमा आधारित उत्पादित सामग्रीहरुको उचित बजारीकरण गर्नका लागि **कोशेली घरको** संचालन गरिने छ ।

५ .नगरक्षेत्रमा रहेका दक्ष तथा अदक्ष जनशक्तिको पुर्ण विवरण सहित **रोजगार बैंकको** स्थापना गरिनेछ । सबैक्षेत्रमा रोजगारीमा स्थानीयलाई पहिलो प्राथमिकता दिनुपर्ने नीतिगत प्रवन्ध गरिनेछ । ५० प्रतिशत भन्दा

बढी स्थानीयलाई रोजगारी प्रदान गर्ने व्यवसायी, उद्योगी, फर्म तथा कम्पनीहरुलाई **सम्मान सहित पुरुस्कृत** गरिनेछ ।

६. नियमित बजार अनुगमन र बजार नियमन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ । उपभोग्ता शिक्षा, जागरण र संचेतिकरणका कार्यक्रमहरु सञ्चालन गरी उपभोक्ता हितको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

## ९. श्रम, रोजगार, गरीवी निवारण तथा आयआर्जन सम्बन्धी नीति :

१. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडलमा गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२. १५०० युवाहरुलाई सिटिइभिटी, निजीक्षेत्र, कम्पनी र सेवा प्रदायक निकायहरुसँगको सहकार्यमा प्राविधिक सिपमुलक तालिम प्रदान गरी स्वरोजगारीका अवसर प्रदान गरिने छ ।

३. विपन्न आदिवासी जनजाति, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य अल्पसंख्यक वर्ग र समुदायको आयआर्जन र गरीवी निवारणका लागि आवश्यक कार्य गरिनेछ । विदेशवाट फर्किएका सिपयुक्त जनशक्तिहरुको रोजगारी प्रवर्द्धनमा विशेष प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

## १०. शहरी योजना तथा पुर्वाधार विकास नीति :

१. एक वडा, एक कालोपत्रे सडक निर्माण कार्यलाई निरन्तरता दिदैं थप प्रवाकारी वनाईनेछ । नगरपालिका क्षेत्रका सबै सडकहरलाई एकिकृत गर्दै “**नगर सडक गुरुयोजना (MTMP) निर्माण”** गरी सोहि गुरुयोजनाका आधारमा सडक निर्माण तथा विस्तारको कार्य गरिनेछ ।

२. **समग्र नगरको मुहार फेर्ने आयोजना (गेम चेन्जर प्रोजेक्ट**) चप्परगौडी घुईयावारी अन्तरप्रदेश सडक, कर्भड हल, अर्न्तराष्ट्रिय क्रिकेट मैदान, भ्युटावर तथा घण्टाघर, सिटिहल, लामो दुरीको बसपार्क, रिङ्ग रोड, आधुनिक बधशाला, वाल अस्पताल, २५ शैयाको अस्पताल, बिद्युतिय सबदाह गृह र फोहोरमैला तथा दिशाजन्य पदार्थ प्रशोधन केन्द्र निर्माण आयोजना रहेका छन, यि आयोजनालाई समयमा नै सञ्चालन तथा सम्पन्न गर्न प्रदेश सरकार, संघीय सरकार र निजी क्षेत्रसँग आवश्यक पहल तथा सहकार्यको नीति लिईनेछ ।

३. कोहलपुर नगरपालिकालाई **डुवान मुक्त नगरपालिका** बनाउन ढल निर्माण गुरुयोजना तयार गरी लागु गरिनेछ । नक्शामा भएको कुलो, नाली तथा खोलाहरुको नक्शाङ्कन गरीनेछ । अतिक्रमणमा परेका कुलो, नाली तथा खोलाहरु अतिक्रमणमुक्त बनाउन नीतिगत पहल गरिनेछ ।

४. नगरका सबै वडाहरुमा बाह्रै महिना निर्वाध रुपमा सडक सञ्चालन हुने व्यवस्था मिलाईने छ । **पञ्चवर्षिय सडक रणनितिक योजना** तर्जूमा गरी सबै सडकहरुको सुदृढिकरण तथा स्तरोन्नती गर्दै कालोपत्रे गर्न जोड दिईने छ । आवश्यक स्थानमा पुल, कजवे, झोलुङ्गे पुल र कल्भर्ट निर्माणका कार्य गरिनेछ ।

५. **शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२** कडाईका साथ पालना गरिनेछ । घरनक्शा पास तथा अभिलेखिकरणको कार्यलाई व्यस्थित गरीनेछ ।

६. डुडुवा नाला, किरननाला, रोहणी खोला लगायतका खोलाहरुबाट हुने कटानलाई रोक्न आवश्यक कार्य गरिनेछ । डुडुवा खोलामा तटवन्धन सहित डुडुवा करिडोर तथा जलाधार आयोजना निर्माणको लागि **बिस्तृत संभाव्यता अध्ययनको** कार्य अगाडी बढाईनेछ ।

७. स-साना टुक्रे योजनाहरुलाई निरुत्साति गर्दै ठुला र दिगो प्रतिफल दिने योजनामा विशेष प्राथमिकता दिईनेछ । सबै किसिमका पुर्वाधारहरुको निर्माण गर्दा अपाङ्गता भएका व्यक्ति मैत्री, वातावरण मैत्री  र विपद् प्रतिरोधी तवरले निर्माण गर्न जोड दिईनेछ ।

८. नगरपालिका, प्रदेश र संघीय सरकारको लगानीमा निर्माण हुने सडक लगायतका भौतिक संरचनाहरु सार्वजनिक क्षेत्र, खोलानाला, कुलो, नहर, पोखरी, तालतलैया र धार्मिक एवं पुरातात्विक स्थानको निश्चित दुरीमा मात्र निर्माण गर्ने व्यवस्था गरिनेछ ।

९. नगरका सबै वडा तथा टोलहरुमा पुर्ण विद्युतिकरण गरिनेछ । मुख्य बजारक्षेत्रमा हाईमास्ट लाईट, सडक बत्ति, सौर्य वत्ति जडान लगायत बैकल्पीक उर्जा प्रयोगमा जोड दिईनेछ ।

१०. नगरपालिका तथा वडास्तरमा सञ्चालन हुने सडक, खानेपानी, सिंचाई, ढल निर्माण लगायत पूर्वाधार विकास आयोजनाहरुको "**विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)** "तयारी गरी स्थानीय, प्रदेश र संघ स्तरीय आयोजनाका रुपमा वर्गिकरण गरेर कार्यान्वयन गर्ने नीतिगत व्यवस्था गरिनेछ ।

११. नगर विकास समिति गुरुयोजना र नगर विकास समिति भित्रपर्ने घर नक्शाको Floor Area Ratio (FAR) लाई अहिलेको आवश्यकता वमोजिम अध्यावधिक गरिनेछ । नगरक्षेत्रमा बढ्दो सवारी दुर्घटना न्युनिकरण र ट्राफिक व्यवस्थापन गर्न आवश्यक स्थानमा **आकाशे पुल (Overhead Bridge)** निर्माण गर्न विस्तृत संभाव्यता अध्यनको कार्य गरिनेछ ।

१२. नगरपालिकामा कुनै पनि नयाँ बाटोको ट्र्याक खोलिने छैन । वडाबाट हुने १० लाख सम्मका योजनाहरुको सम्झौता सम्बन्धित वडाबाट नै हुने व्यवस्था गरिनेछ । कोटेशन मार्फत हुने सम्पुर्ण कामहरु सार्वजनिक सुचना प्रकाशित गरी सञ्चालन हुने नीति लिईने छ ।

१३. विद्युतीय रिक्साको दर्ता र नवीकरण प्रक्रियालाई व्यवस्थित गरिनेछ । सरोकारवाला निकायहरुसँग समन्वय गरी आवश्यक संख्या निर्धारण, रुट निर्धारण, रुट परमिट लगायतका व्यवस्थापकीय कार्य गरिनेछ ।

## ११. भूमिहिन एवं अव्यवस्थित बसोवासी व्यवस्थापन तथा भू-उपयोग नीति :

१. लामो समय देखि बसोवास गरिरहेका अब्यवस्थित, सुकुम्बासी तथा भुमिहिनहरुलाई भूमि सम्बन्धि समस्या समाधान आयोग को समन्वयमा लालपुर्जा वितरण कार्यको थालनी गरिनेछ । सेटलाईज ईमेजज, तथ्याङ्क संकलन, जग्गाको क्षेत्रफल एकिन गर्न आवश्यक पर्ने प्राविधिक जनशक्ति परिचालन र आवश्यक उपकरण खरिद सहितका व्यवस्थापकिय कार्य गर्न पर्याप्त बजेटको व्यवस्था गरिनेछ ।

२. नगरपालिका क्षेत्रमा नापी नक्सा, घर/जग्गा धनीपुर्जा र घर नम्बरलाई मिलान गरी **भौगोलिक सूचना प्रणाली (GIS)** मा आधारित अद्यावधिक अभिलेख तयार गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ । नेपाल सरकारवाट निर्धारण गरिएको मापदण्ड पुरा नगरी, आधिकारीक निकायबाट स्वीकृत नलिई निजी जग्गाको खण्डिकरण गर्ने वा व्यवसायिक हिसाबले प्लटिङ्ग गर्ने कार्यलाई नियन्त्रण गरिनेछ । नगरपालिकाको भू-उपयोग नीति बनाई भूमी सम्बन्धि कारोवारलाई व्यवस्थित गरिनेछ ।

३. नगरपालिका क्षेत्रमा विद्यमान रहेको जग्गा, बाटो, घर तथा अन्य क्षेत्रको कित्ताकाट र क्षेत्रफलको समस्या समाधानका लागि **डिजिटल प्रविधिमा आधारित नाप नक्शाङ्कन** गर्न प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी आवश्यक कार्यको थालनी गरिनेछ ।

## १२.स्थानीय सेवा, सुशासन तथा जनशक्ति व्यवस्थापन नीति :

१. कोहलपुर नगरपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन सर्वेक्षण (O&M Survey) प्रतिवेदनको सुझाव वमोजिम संगठन स्वरुप, दरबन्दी एवं जनशक्ति व्यवस्थापन, कार्यविभाजनका साथै जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. **सुशासनका लागि आर्थिक पारदर्शिता** भन्ने नीति अवलम्बन गरिने छ । नगरपालिकाको आय व्ययको विवरण चौमासिक रुपमा सार्वजनिक गरिनेछ । सबै वडा कार्यालयहरूलाई नगरपालिकासँग नेट-वर्किङ्ग गरी प्रभावकारी सेवा प्रवाह गरिनेछ ।

३. नगरपालिका र वडा कार्यालयबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी र पारदर्शि बनाउन सुशासनका औजारहरुको प्रभावकारी प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ । नागरिक बडापत्र, सुशासन हेल्प डेस्क, सार्वजनिक सुनवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, उप मेयरसँग आज, हेल्लो मेयर (Hello Mayor), ठुला आयोजनाहरुको तेस्रो पक्ष मुल्याङ्कन, ई-गर्भरनेन्स (E-governance) , प्रभावकारी सूचना प्रशारण प्रणालीको उपयोग गरिने छ ।

४. विगत स्थानीय निकायमा कार्यरत जनशक्तिलाई परिवर्तित सन्दर्भमा निजहरुको वृति विकास गर्न आवश्यक नीतिगत प्रबन्ध गरिनेछ । संघीय सरकारवाट समायोजन भै आएका कर्मचारीहरुको लागि स्थानीय सेवालाई आर्कषक गन्तव्य हो भन्ने अनुभूति हुने गरी वृति विकास र कार्य वातावरणको प्रबन्ध मिलाईनेछ ।

५.कार्यालयमा रहेको बेरुजु तथा पेश्की फर्स्योटलाई प्रथामिकता दिईनेछ । आर्थिक पारदर्शिता र वित्तयि अनुशासन कायम गर्नका लागि आन्तरीक नियन्त्रण प्रणालीलाई ब्यवस्थित गरिनेछ ।

६. नगरको आवाधिक योजना, वडा तथा **नगर प्रोफायल निर्माण** र **एकिकृत शहरी विकास योजना (IUDP)** अध्यावधिक गरीनेछ ।

७. घटना दर्ताको कार्य सम्बन्धित वडा कार्यालयहरुवाटै अनलाईन प्रविधि मार्फत गरिनेछ । वडा भित्रको सार्वजनिक सम्पति, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदि अभिलेखीकरणको कार्य सम्बन्धित वडा कार्यालयहरुवाट नै हुने व्यस्था गरिनेछ ।

८. सवै वडा कार्यालयको भवन निर्माण कार्य सम्पन्न गरीनेछ । साना व्यापारी तथा व्यवसायीहरुको दर्ता तथा नविकरणको कार्य सम्बन्धित वडावाट हुने नीतिगत व्यवस्था गरिने छ ।

९. सामुदायिक मेलमिलाप सेवालाई प्रभावकारी बनाइनेछ । **नगर न्यायिक समिति**को कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ । मध्यस्थताकर्ताको सिप र क्षमता विकासका लागि आवश्यक कार्य गरिनेछ ।

## १३.कर, सेवा शुल्क तथा राजश्व नीति :

१. नगरबाट लिइने कर, राजस्व, सेवा र शुल्कलाई यर्थातपरक वैज्ञानिक वनाईनेछ । सबै वडा कार्यालयवाट राजश्व लिने व्यवस्थापन गरिनेछ । नगरपालिकालाई नियमित कर तिर्ने करदातालाई बार्षिक रुपमा सम्मान गरिने छ ।

२. कर सेवा शुल्कलाई अनलाईन विलिङ्ग प्रणाली मार्फत सञ्चालन गरिनेछ । कोभिड-१९को संक्रमण र रोकथामका लागि नेपाल सरकारले गरेको वन्दावन्दीवाट प्रभावित उद्योगी व्यवसायीहरुका लागि कर छुटको

नीतिगत व्यवस्था गरिनेछ । हाँल भएको विज्ञापन करको सम्झौता खारेज गरी नयाँ प्रक्रिया थालनी गरिनेछ । अपाङ्गता भएका व्यक्तिलाई करमा ५० प्रतिशत छुटको लागि आवश्यक पहल गरिनेछ ।

## १४.वातावरण तथा विपद व्यवस्थापन नीति :

१. नगर तथा वडा स्तरिय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी एवं व्यवस्थित गरिनेछ । नगरमा भूकम्प, असिना, आगलागी, बाढी, चट्याङग जस्ता प्राकृतिक प्रकोपवाट नगरवासीलाई सुरक्षित गर्न पुर्व तयारी, उद्धार तथा पुर्नस्थापना सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ । विपद् व्यवस्थापन कोषलाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२ .नदी, खोला, ताल तथा जलाधार संरक्षण गर्दै सवैखाले प्रदूषण नियन्त्रण गरी पर्यावरण सन्तुलन र ब्यापक जनसहभागिताको पहल मार्फत **सफा र हरित नगर** को रूपमा विकास गर्ने नीतिगत व्यवस्था अवलम्बन गरिनेछ ।

३. नगरक्षेत्रका वन तथा जङ्गलहरूको संरक्षण र नियमन गरिनेछ । स्थानीय समुदाय, नीजि क्षेत्र तथा गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा सार्वजनिक स्थान, सडक किनारा, पार्क र खाली स्थानमा वृक्षारोपण गरी **पुष्पावाटिका र हरियाली पार्कको निर्माण** गरीने छ । निजी जमिनमा बृक्षारोपण गर्ने नीजि वन किसानहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

४. सिद्धि विनायक सामुदायिक वनको स्तरोन्नती गर्दै आधुनिक पार्क सहित **मिनि जु को** विकास गर्न आवश्यक पहल गरिनेछ । सामुदायिक वनमा बृक्षारोपण र वन विकासका लागि आवश्यक सहयोग प्रदान गरिनेछ । सामुदायिक वनहरुलाई स्थानीय वन नीति अनुरुप नियमन तथा व्यवस्थापन गरिनेछ । सामुदायिक वनमा गरिवसँग वन कार्यक्रम सञ्चालन गरिनेछ ।

५. **विपद् पुर्व तयारी** तथा सुचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ । **"बैजनाथ कोहलपुर संयुक्त कार्यदल मार्फत विपद् व्यवस्थापन"** लगायत अन्य आवश्यक कार्य गरिने छ ।

अन्तमा उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वय नगरपालिकाको एक्लो प्रयासले मात्र संभव हुदैन । यसका लागि सबै राजनितिक दल, विकास साझेदार, प्रदेश र संघीय सरकार, सबै तहका जनप्रनिधिहरु, कर्मचारी, उद्योगी व्यवसायीहरु, निर्माण व्यवसायीहरु, गैर सरकारी संघसंस्थाहरु, टोल विकास संस्था लगायत सम्पूर्ण नगरबासी जनसमुदायको साथ सहयोग, सक्रिय सहभागिता र रचनात्मक खबरदारीको आवश्यकता रहन्छ नै, त्यस प्रकारको सहयोगका लागि विनम्रतापूर्वक अनुरोध गर्दै नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिध, कर्मचारी, सम्पूर्ण राजनीतिक दल आवद्ध व्यक्तित्वहरु लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चहान्छु ।

लूट बहादुर रावत
(नगर प्रमुख)
कोहलपुर नगरपालिका, बाँके